**पुस्तक** : उपसंहार अर्थात् चौथो अन्त्य
**लेखक** : ध्रुवचन्द्र गौतम
**प्रकाशक** : साझा प्रकाशन
**पृष्ठ** : १७९
**प्रकाशन मिति** : २०४८

**पुस्तक** : मयूर टाइम्स
**लेखक** : नारायण वाग्ले
**प्रकाशक** : पब्लिकेसन नेपालय
**पृष्ठ** : २३१
**प्रकाशन मिति** : सन् २०१०







सुरुमै भनूँ- तपाईं अहिले 'उपन्यास अध्ययन' होइन; 'मिडिया अध्ययन' पढ्दै हुनुहुन्छ । यहाँ *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८) र *मयूर टाइम्स* (२०६६) उपन्यासको समीक्षा गरिएको छैन; छ त केवल यी दुई उपन्यासमा वर्णित दीप्तिमान र मयूर टाइम्स[१] नामका पत्रिकाको सतही र सङ्क्षिप्त अध्ययन ।

---

[१] उपन्यास र पत्रिका दुवैको नाम एउटै भएकाले छड्के पारी लेखिएको *मयूर टाइम्स*ले उपन्यास र नपारी लेखिएको मयूर टाइम्सले पत्रिकालाई बुझाउँछ । यस्तै, दीप्तिमानलाई पनि छड्के पारिएको छैन ।

ध्रुवचन्द्र गौतम सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली साहित्यमा अग्रपङ्क्तिका उपन्यासकार मानिन्छन् । संयुक्त लेखनसमेत गरी हालसम्म २५ ओटा उपन्यास लेखिसकेका गौतम सिर्जनामा अझै सक्रिय छन् । यिनको पहिलो उपन्यास *अन्त्यपछि* २०२४ मा छापिएको थियो भने २०४० मा प्रकाशित *अलिखित* उपन्यासले मदन पुरस्कारसमेत प्राप्त गरेको थियो । यिनका थुप्रै उपन्यास नेपालका विश्वविद्यालयमा पढाइन्छन् । यस्तै, त्रिविको मानविकी सङ्कायतर्फ नेपाली स्नातकोत्तर तह दास्रो वर्षमा पढिने उपन्यासको नाम हो- *उपसंहार अर्थात् चौथो अन्त्य* । प्रकाशनक्रमका दृष्टिले यो यिनको नवौँ उपन्यास हो जुन २०४८ मा छापिएको थियो ।

नारायण वाग्ले मूलतः पत्रकार हुन् । तर, २०६१ मा *पल्पसा क्याफे* उपन्यासका लागि मदन पुरस्कारसमेत पाएपछि यिनको नाम नेपाली उपन्यासकारमा पनि दरियो । *पल्पसा क्याफे*मा नेपालमा चलेको हिंसात्मक द्वन्द्वको चित्रण अमूर्त शैलीमा भाषिक चातुर्यपूर्ण ढङ्गले गरिएको छ । पहिलो उपन्यासको लोकप्रियतापछि यिनको दोस्रो उपन्यास *मयूर टाइम्स* २०६६ को अन्तिम शनिबार चैत २८ गते सार्वजनिक भयो । लेखकले भनेअनुसार काठमाडौँ बाहिरबाट सङ्घर्षपूर्ण पत्रकारिता गरिरहेका सहधर्मीहरूको साहस र समर्पणको सम्मान गर्न *मयूर टाइम्स* लेखियो ।[२]

*उपसंहार अर्थात् चौथो अन्त्य*मा दीप्तिमान नामक पत्रिकामार्फत पञ्चायत, २०४६ को जनआन्दोलन र त्यसपछिको केही समयको पत्रकारिताको चित्रण गरिएको छ । यस्तै, *मयूर टाइम्स*मा २०५२ को सशस्त्र विद्रोहदेखि २०६२/०६३ को जनआन्दोलन हुँदै गणतन्त्र स्थापना र मधेस आन्दोलनसम्मका घटनाक्रमको चित्र छ । उपन्यासको मूल उद्देश्य नै मयूर टाइम्स पत्रिकामार्फत काठमाडौँ बाहिरको पत्रकारिताका दुःख-सुख सार्वजनिक गरी आदर्श र निष्पक्ष पत्रकारिताको वकालत गर्नु हो । तत्कालीन राजनीति, समाज, नागरिक चेतना आदिलाई देखाउन दुवै उपन्यासले पत्रिकाको सहारा लिएका छन् । फेरि यी दुवै उपन्यासका लेखक प्रत्यक्ष-अप्रत्यक्षरूपमा पत्रकारितासँग जोडिएकै पनि छन् । यी दुवै उपन्यासका विषयवस्तु, चरित्र, परिवेश मिल्दाजुल्दा भएकाले यहाँ यी दुवैको चर्चा सँगसँगै गरिएको छ । तर, उपन्यासको समग्र चर्चा होइन; यी भित्रका दीप्तिमान र मयूर टाइम्सको मात्र ।

---

[२] २०६६ कात्तिक १६ गते मङ्गलबार मार्टिन चौतारीमा *मयूर टाइम्स*बारे छलफल कार्यक्रम भएको थियो । नारायण वाग्ले र यो पङ्क्तिकार छलफलका वक्ता थिए ।

*उपसंहार अर्थात् चौथो अन्त्य*मा काठमाडौंबाट प्राय: हरेक बिहिबार[३] प्रकाशित हुने साप्ताहिक पत्रिका दीप्तिमानको कथा छ । *मयूर टाइम्स*मा काल्पनिक ठाउँ मयूरनगर (तराईतिर) बाट प्रकाशित हुने मयूर टाइम्स दैनिकको कथा छ । यस उपन्यासको त नाम नै पत्रिकाको नामबाट राखिएको छ । *उपसंहार अर्थात् चौथो अन्त्य*मा दुई मुख्य चरित्र लक्ष्मी र रवि छन् जो दीप्तिमानमै काम गर्ने पत्रकार हुन् । *मयूर टाइम्स*मा पनि मुख्य चरित्र दुई जनै छन्- पराग र लिसरा । यी दुई पनि मयूर टाइम्समै काम गर्ने पत्रकार हुन् । रवि र लक्ष्मी एउटै डेरामा सँगै बस्छन् । यता पराग र लिसराको बसाइँ पनि सँगै छ । दीप्तिमानमा २०४६ को जनआन्दोलन अघि र पछिको राजनीतिक सङ्क्रमणको प्रतिविम्ब छ भने मयूर टाइम्समा गणतन्त्र स्थापनापछिको मधेस विद्रोहकालको राजनीतिक सङ्क्रमणको । *उपसंहार अर्थात् चौथो अन्त्य* ५२ खण्डमा र *मयूर टाइम्स* २० खण्डमा संरचित भए पनि आयाम भने उस्तैउस्तै छ; क्रमश: १७९ र २३१ पृष्ठ । दुवै उपन्यासले कथानकलाई अघि बढाउन छापा पत्रकारिताकै सहारा लिएका छन् । र, फरक पनि छ- गौतमले मुख्य चरित्रका रूपमा दुई जनै पुरुष लिएका छन् भने वाग्लेले चाहिँ महिला । दीप्तिमानले पीत पत्रकारिता गर्छ भने मयूर टाइम्सले चाहिँ निष्पक्ष र निर्भीक । दीप्तिमान काठमाडौंको साप्ताहिक पत्रकारितामा केन्द्रित छ भने मयूर टाइम्स राजधानीबाहिर विशेषत: मधेसको दैनिक पत्रकारितामा । यी र यस्तै समानता-असमानतामा यो समीक्षा केन्द्रित छ ।

*उपसंहार अर्थात् चौथो अन्त्य*को कथा मुख्य पात्र लक्ष्मीबाट सुरु हुन्छ । उपन्यासको कथयिता वा वाचक ऊ नै हो । लक्ष्मी नेपालको कुनै गाउँबाट काठमाडौं आई दीप्तिमानमा काम गर्न थाल्छ । पछि उसकै गाउँबाट रवि पनि काठमाडौं आउँछ । सँगै बस्छन् । योग्यता र क्षमता नभएको लक्ष्मी बोलक्कड र चाकरी गर्ने प्रवृत्तिको छ । सहायक मन्त्रीको पैसामा तथा शिवरामको सम्पादनमा प्रकाशित दीप्तिमान साप्ताहिकमा रविलाई पनि 'घुसाउँछ' । रवि गम्भीर, प्रतिभावान् र लगनशील छ । रविले लेखेका कविता चोरेर लक्ष्मी कैयौंपटक पुरस्कृत पनि भएको हुन्छ । ऊ भन्छ, "वास्तवमा मेरो व्यक्तित्वका अगाडि उसको प्रतिभा निकै नगण्य मान्दथे नगरवासीहरू । तैपनि उसले कहिल्यै

---

[३] पत्रिका बिहिबार नै छापिने हुनुपर्छ किनभने उपन्यासको मुख्य पात्र लक्ष्मीले भनेको छ, "प्रथम हेडलाइनको फिक्री भइरहन्थ्यो । हप्ताभरि त होइन, हप्ताको एक दिन । बुधबारको साँझदेखि राति दस, कहिलेकाहीँ त बाह्र बजेसम्म पनि" (पृ.१९) । र, प्राय: बिहिबार किनभने उसैले भनेको छ, "त्यो हप्ता अखबार छापिएन" (पृ.६७) । कारणवश अखबार निस्किन सकेन भन्दै *गोरखापत्र*मा 'नोट' छाप्ने विषयमा छलफल भयो भनी लेखिएको छ । पत्रिका नियमित पटक्कै थिएन ।

मेरो पोल खोल्ने जाँगर देखाएन । कहिल्यै उत्तेजित भएन, केवल असहमत भइरह्यो" (पृ.४) । सम्पादक शिवराम रविलाई मन पराउँदैन । लक्ष्मी र रविबीच सम्बन्ध टाढिँदै जान्छ । लक्ष्मी मन्त्री हुनेवालाहरूको व्यक्तित्व र अन्तर्वार्ता छाप्तै पैसा असुल्छ र पहुँचवालाहरूसित चाँडै नजिकिन्छ । यी दुई पत्रकार एकै ठाउँका, एकै उमेरका, एकै कोठामा बस्दै आएका र एकै पत्रिकामा काम गर्ने भए पनि पूरापूर भिन्न स्वभावका छन् ।

लक्ष्मी यौनका मामिलामा पनि पतित र भ्रष्ट छ । ऊ आफ्नो डेरामा काम सघाइदिने रुक्मिणी, उसकी छोरी सविता, साथीहरू गीता, शीला, रानी, रोजिना, रविकी प्रेमिका अमितासित अनुचित सम्पर्कसमेत राख्छ । पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलन चर्किँदै गएपछि रवि जागिर छोडेर आन्दोलनमा सहभागी हुन्छ । तर, लक्ष्मी आन्दोलनका विपक्षका प्रसाद राजासितै सक्रिय हुन्छ । आन्दोलन सफल भएपछि ऊ जिल्लाका काँग्रेसी नेता पद्मनाभलाई भेटी प्रसादलाई पार्टी प्रवेशको व्यवस्था मिलाउँछ । र, रविलाई दरबार निकटको मान्छे बनाउन झुटो प्रचार पनि गरिदिन्छ । लक्ष्मीको प्रचारका कारण प्रसादले पनि चुनाव जित्छ । रविलाई मार्न उसले गुण्डासमेत पठाउँछ । रविको अन्त्य चार किसिमले भएको हुनसक्ने भन्दै लेखकले उपन्यासको अन्त्यलाई स्वैरकाल्पनिक ढङ्गमा वैकल्पिक बनाएका छन् । शिवराम दीप्तिमान बन्द गरेर गार्मेन्ट फ्याक्ट्री चलाएर बस्छ । तर, लक्ष्मी चाहिँ दुई-चारओटा पत्रिका तथा फ्याक्ट्रीसमेतको शक्तिशाली मालिक तथा ठूलै मान्छेको रूपमा चिनिएर सानसौकतपूर्ण जीवन बिताउँछ । उपन्यासको कथासार यही हो ।

सम्पादक शिवराम पत्रिका सहायक मन्त्रीको भएकाले आफूले पत्रिकालाई फुलमन्त्रीको वा प्रधानमन्त्रीको नै बनाउने भन्दै आफ्नो टीमलाई कहिले गृहमन्त्रीले दिएको आश्वासन सुनाउँछ त कहिले अर्थमन्त्रीले अँगालो हालेको कुम देखाउँछ । एसएलसी उत्तीर्ण ऊ रक्सीको सुरमा भन्छ, "दिए, यो देशको प्रधानमन्त्रित्व नै चलाइदिन्छु, अरू के कुरा" (पृ.१७) । दीप्तिमानमा मुख्य समाचार, समाचार र शीर्षक तयार पार्दाको दुखेसोबारे लक्ष्मी भन्छ :

> ब्यानरन्युज बनाउन सबभन्दा कठिन हुन्थ्यो कुनैकुनै हप्ता । अखबारको बिक्री त्यसैमाथि निर्भर गर्दथ्यो । हेडलाइनको झन् बढी चिन्ता हुन्थ्यो । साँच्ची भन्ने हो भने, ब्यानरन्युजको असर बिक्रीमाथि पर्थ्यो भने त्यसको पनि हेडलाइनको अक्षर र सिङ्गै न्युज, अखबार र बिक्रीमाथि पर्दथ्यो । शिवराम यस्तो बखत त्यसैसित बढी प्रसन्न हुन्थ्यो, जो एक अक्षर पनि घटीबढी नगरी एउटा झस्काउने हेडलाइन खोजिदिन्थ्यो । कहिलेकहीँ पहिलो न्युज फेला नपरेपछि सम्पादक के भएको यो देशलाई कहिले केही हुँदैन भन्थ्यो (पृ.१९) ।

लक्ष्मीको माथिको भनाइले नेपालमा साप्ताहिकरूपमा प्रकाशन भइरहेका पत्रपत्रिकाका धेरै पक्षबारे सङ्केत गरेको छ । काल्पनिक विषयमा उडन्ते समाचार लेखी हेडलाइन सनसनीपूर्ण बनाउने दीप्तिमान साप्ताहिक पत्रिकाको आन्तरिक प्रवृत्ति र हेडलाइनकै आधारमा अखबारको बिक्री तलमाथि भइहाल्ने 'बेलुन व्यावसायिकता'बारे हामी माथिको भनाइबाट स्पष्ट हुन्छौँ । दीप्तिमानमा समाचार त मनोमानी ढङ्गले सनसनीपूर्ण पारेर छापिन्थे नै, बिक्रीको रेकर्डसमेत उनीहरू हावादारी भन्थे । लक्ष्मी भन्छ, "एउटा रहस्य त उघारि नै दिऊँ । दीप्तिमानको बिक्री सामान्यतया १४०० थान हो । कहिलेकहीँ, मान्छेले कुकुर टोकेको किसिमको न्युज हुँदा २४०० थानसम्म गएको छ ...हामी ३६०० नै भन्ने गर्दथ्यौँ ...उल्टो पारेर ६३०० भन्न पनि थालिदिएका थियौँ । काल्पनिक उन्नतिमा बाँच्नु छ भने, कन्जुस किन हुने हँ" (पृ.२२) ?

लक्ष्मी अफिसमै बसी दीप्तिमानका लागि सम्पादकलाई चिठी आफै लेख्थ्यो; 'हाम्रा जनकपुरस्थित प्रतिनिधिका अनुसार' भनेर अफिसमै बसी समाचार तयार पार्थ्यो (पृ.३८) । सम्पादकको आज्ञामा हुँदै नभएको एउटा काल्पनिक समाचार तयार भयो- "चन्द्रप्रसाद प्रधानमन्त्री हुने योग्यता राख्नुहुन्छ...देशका योग्यतम प्रधानमन्त्री ठहरिन सक्नुहुनेछ । व्यवस्था र राजाको हितमा पनि अहिले उहाँलाई नै प्रधानमन्त्री बनाउनु उचित देखिन्छ" (पृ.५२) । चन्द्रप्रसादको बढाइचढाइ गरी पञ्चायत र दल दुवैको हितका लागि उनैलाई प्रम बनाउनुपर्छ भनी लेखिदिएपछि लक्ष्मी चन्द्रप्रसादको यति प्रिय पात्र हुन्छ कि, प्रसादकहाँ आउने पत्रकार, वकिल, इन्जिनियर, राजनीतिज्ञ, डाक्टर, शिक्षक, साहित्यकारलाई पैसा बाँड्ने काममा नियुक्त हुन्छ। शक्तिका वरिपरि झुम्मिनेहरूले कतिसम्मको खराब काम गर्छन्, यसबाट थाहा हुन्छ ।

अब समीक्ष्य अर्को उपन्यास *मयूर टाइम्स*तिर फर्कौं । उपन्यासको आरम्भ सम्पादक पराग यादवको पूर्वदीप्ति (फ्ल्यासब्याक) बाट सुरु हुन्छ; हत्या र अपहरणको धम्की र त्रासबाट सुरु हुन्छ । उपन्यासको तेस्रो खण्डमा ऊ अपरहणमा पर्छे । चौथो खण्डमा कथानक अचानक परागको बाल्यकालको संस्मरणमा पुग्छ । माओवादीको धम्कीका कारण मधेस झरेकी महिमा मिस र उनको 'मयूर प्रेम'को व्याख्यामा यो खण्ड केन्द्रित छ । पाँचौं खण्डमा परागका 'पापा' ओभरसियर रामाशिष यादवको सरुवा पहाडमा भएपछि ऊ पनि पापासँगै पहाड जान्छे । छैटौं खण्ड परागले लिसरा पुनसित मीत लाएको र त्यहींबाट पहिलो श्रेणीमा एसएलसी पास गरेको अनि क्याम्पस पढ्न काठमाडौं पुग्दासम्मको कथा छ। पहाडमा केटाहरूले उसलाई 'धोतीकी छोरी' भन्दा लिसरा 'मेरी साथीलाई धोतीकी छोरी भन्छस् ? तेरो बाउले भन्दा सुकिलो पाइन्ट लाउनुहुन्छ' भनी प्रतिवाद गर्छे ।

सातौँ खण्डमा ऊ कमर्समा ग्र्याजुएसन सकेर पापाकै आज्ञामा बैङ्कमा जागिर खान्छे। ठीक यसैबेला 'श्रीपेच हामी जलाउँछौँ; देश हामी चलाउँछौँ' को नारा काठमाडौँभरि घन्कन्छ। "राजा तीन दिनमा दोस्रोपल्ट टेलिभिनजमा टुप्लुक्किए। दलहरूसामु आफूलाई समर्पण गरे" भन्दै लेखक आफ्नो कामकाजी सम्पादकीय अवतार परागको बोलीमा घुसाई प्रसङ्गलाई अस्वाभाविक बनाउँछन्, "वैशाख ११ गते रातको त्यो शाही घोषणा उनले दलहरूबाटै पारित गराएर मात्र टेलिभिजन क्यामरासामु पढे" (पृ.८६)। राजाको त्यो घोषणा दलहरूबाट पूर्वपारित थियो भनी एक सामान्य विद्यार्थी परागले थाहा पाएँ भन्नुलाई अस्वाभाविक मान्न सकिन्छ। उपन्यासको आठौँ खण्डमा पराग आफूले योग्य वर ठानेको आन्दोलनकारी वैभव पन्तलाई सम्झिदै आइपोडमा 'तिमी र म कति नै टाढा छौँ र ? सिर्फ एक सोचाइको दूरी न हो ...' बोलको गीत सुन्दै मोटरसाइकलमा तराई झर्छे। जाँदाजाँदै मयूरनगरमा भेटिएको 'नाचिरहेको मयूर चिया पसल'ले उसको जीवनमा अर्कै मोड ल्याइदिन्छ। 'आएको थियो गयो भन्दिनू' समेत लेखिएको त्यही चिया पसलकी आमैको सहयोगले उसको भेट 'मयूर संवाददाता' अर्थात् मितिनी लिसरासँग हुन्छ।

उपन्यासको दसौँ खण्ड अर्थात् मध्यान्तरबाट कथानक 'खास' कथामा आइपुग्छ। परागको भेट मयूर टाइम्स दैनिककी संवाददाता लिसरासित हुन्छ। बैङ्कको रेमिटयान्स शाखामा काम गरिरहेकी पराग पब्लिक रिलेसन्स शाखामा काम गर्ने चाहनाले मास कम्युनिकेसनमा मास्टर्स गर्दै गरेको बताउँछे। 'सानो ठाउँ, सानो पत्रिका, सानो टिम' भन्दै सुरुमा रुचि छैन भने पनि लिसराको आग्रहमा पछि ऊ सम्पादक हुन राजी हुन्छे। प्रकाशक माकुरीप्रसाद उपाध्यायलाई भेटेको भोलिपल्ट पत्रिकाको पहिलो पृष्ठमा परागको तस्बिरसहित 'बक्सन्युज' छापिन्छ, 'टाइम्स सम्पादकमा सुश्री यादव ।' अन्तिम पानाको पुछारमा सम्पादकको नाममा पराग यादव देखेपछि उसका आँखा रसाउँछन्। उपन्यासको तेह्रौँ र चौधौँ खण्डमा पराग आफूलाई जानकी स्कूल सीतापुरमा पढाएकी प्रिय महिमा मिसका लोग्ने श्रीकृष्ण मारिएको र मिस विस्थापित भएकाबारे मिसलाई भेटी खोजबिन गर्छे। महिमा मिस मयूर डेलीले घटनाबारे उल्टो समाचार लेखिदिएको र खण्डनसमेत नगरिदिएको दुखेसो गर्छिन्।

उपन्यासको पन्ध्रौँ खण्डमा एउटा महत्त्वपूर्ण विषयमा सम्पादकीय टीमबीच मिटिङ हुन्छ। कुनै समूहले फोन गरेर हामी फलानो ठाउँमा विस्फोट गर्दै छौँ, क्यामरा लिएर आउनू भनेपछि के गर्ने ? मानवीय क्षति जोगाउन पत्रकार जस्तो सचेत वर्गले न्यूनतम कर्तव्यस्वरूप प्रहरीलाई खबर गर्ने कि हामी कसैका जासुस वा सूचनादाता होइनौँ भन्दै सुटुक्क रिपोर्टिङमा जाने। परिस्थिति हेरी यसबारे

पछि छलफल गरी निचोडमा पुगौँला भनेकी सम्पादक पराग वा लेखक वाग्ले उपन्यासको अन्त्यसम्ममा पनि निचोडमा पुगेका छैनन् । सम्पादक पराग प्रतिस्पर्धी मयूर डेलीसित आफ्नो पत्रिकाको तुलना गर्दै भन्छे, "हामी ब्रेकिङ न्युजको पछाडि लागेका थिएनौँ । घटनाको गहिराइमा हाम्रो ध्यान जान्थ्यो । हामी इन डेप्थ जान चाहन्थ्यौँ; उनीहरू घटनालाई सनसनीपूर्ण बनाउँथे तर प्रहरीलाई हावी गराउँथे" (पृ.१७०) । सम्पादकको यस भनाइबाट पनि पुष्टि हुन्छ, मयूर टाइम्स निष्पक्षता र तटस्थतामा खरो उत्रिएको छ ।

उपन्यासको सोह्रौँ खण्डमा मयूर टाइम्सको वार्षिकोत्सव भव्यरूपमा मनाइन्छ । समारोहमा निम्त्याइएका उद्योगी व्यवसायी आर्थिक समाचार कम भएको, शिक्षकहरू शैक्षिक समाचार कम भएको, खेल पदाधिकारी खेलकुद गतिविधि नसमेटिएको, दलका नेताहरू पत्रिका आफू विरोधी भएको, कार्यालय प्रमुखहरू पत्रिका बढी आलोचक भएको र लेखकहरू पारिश्रमिक कम भएको गुनासो गर्छन् । पराग र लिसरापछिको तेस्रो व्यक्ति विवश सम्पादकीय नीति ठीक नभएको भन्दै राजीनामा गर्छ । केही दिनमै सर्वेन्द्र र खिलाले पनि पत्रिका छोड्छन् । उनीहरू मयूर डेलीमा पहिलेभन्दा एक हजार बढी पारिश्रमिकमा काम सुरु गर्छन् । उपन्यासको सत्रौँ खण्डमा कृष्णपुरबाट अपहरित एक व्यापारीकी श्रीमती फूलकुमारी महतो पत्रिकाको अफिसमा रुँदै आएर भन्छिन्, "म यत्ति भन्न आएकी हुँ, अर्को समाचार नलेखिदेऊ" (पृ.१९१) ।

उपन्यास अठारौँ खण्डमा आइपुग्दा पराग आफ्नो पत्रिकाका भाषिक तथा अन्य केही त्रुटि आत्मसात् गर्छे । बाटाघाटा जता देखे पनि पाठक कराइहाल्छन्, "क्या हो मयूर टाइम्सको चाला ? शुद्ध लेख्न आउँदैन ? देउखा भन्या क्या हो ? दाल भनेको को हो ? व्यङ्ग्य गऱ्या हो ? कि यसको नामै व्यङ्ग्य टाइम्स राख्नुपऱ्यो । काँचा केटीहरूले चलाएको पत्रिका । राजनीतिको 'र' पनि जान्दा रहेनछन् । राष्ट्रिय राजनीतिलाई मुख्य समाचार बनाउन खोज्छन्" (पृ.२१२-२१३) । उपन्यासको उन्नाइसौँ खण्डमा उनै फूलकुमारीलाई न्याय दिलाउन यिनीहरू प्रयासरत छन् । र, उपन्यासको अन्तिम अर्थात् बीसौँ खण्डमा तेस्रो खण्डको कथा अर्थात् पराग अपहरणमा परेपछिको तनाव र छुटकारासम्मको कथा छ । यसरी लेखकले उपन्यासलाई संयोगमा अन्त्य गरेका छन् । अपहरणमा परेकी एक जना पत्रकार महिला अन्ततः नाटकीय ढङ्गमा मुक्त भई अझै सक्रिय भएको देखाएर लेखकले पत्रकारितामा सक्रिय हुन हौसला बढाउन चाहेका छन् ।

*मयूर टाइम्स* लेखनको उद्देश्य लेखकले नै काठमाडौँ बाहिरका पत्रकारको सम्मान गर्नु हो भनेकाले उपन्यासमा पत्रकारिता मुख्य विषयका रूपमा आएको

छ । मयूरनगरबाटै छापिने विपरीत धारका दुई दैनिक मयूर डेली र मयूर टाइम्सको चर्चा गर्दै लेखकले आफ्नो सम्पादकीय व्यक्तित्वलाई उपन्यासमा उपस्थित गराएका छन् । उनी पराग र लिसरामार्फत समाचार लेखन, फिचर लेखन, खोजी पत्रकारिता, फलोअप न्युज, लेख तथा पाठकपत्र चयन आदिबारे अप्रत्यक्षतः उपदेश दिन्छन्; पत्रकारिता नछोड्न आग्रह गर्छन् । राजाले शासनसत्ता हातमा लिएकै वर्ष थालिएको मयूर टाइम्स (पृ.१३१) ले अनेकौँ बाधाव्यवधान भोगे पनि आफ्नो निष्पक्षता र तटस्थतामा चुकेको छैन । तर, यता शिवरामको दीप्तिमान भने हावादारी समाचार छाप्छ । पञ्चायतलाई टिकाउन उनीहरू कोठामै बसी समाचार तयार पार्छन् । पैसा पाएपछि उनीहरू जो कोहीको पनि जीवनी र अन्तर्वार्ता छापिदिन्छन्, प्रम हुन योग्य छ भनी लेखिदिन्छन् । समग्रमा भन्दा यी दुई अखबार भिन्नभिन्न कालखण्ड र प्रवृत्तिका प्रतिनिधि अखबार हुन् । *उपसंहार अर्थात् चौथो अन्त्य*मा पत्रकारिता मुख्य विषयका रूपमा नआए पनि सुरुदेखि अन्त्यसम्मै पत्रकारिताकै चर्चा छ तर *मयूर टाइम्स*मा भने मुख्य विषय मयूर टाइम्स नै छ ।

यी दुई उपन्यासलाई पत्रकारिताकै आँखाबाट मात्र हेरिएकाले यहाँ अन्य पक्षको चर्चा गरिएको छैन । मिडिया अध्ययनको दृष्टिमा गरिएको सानो समीक्षाको निष्कर्षस्वरूप यति मात्र भन्न सकिन्छ- यी दुई उपन्यासको अध्ययनबाट भिन्नभिन्न समय र पृष्ठभूमिका पत्रिकाको अन्तर्वस्तुबारे थाहा पाउन सकिन्छ । गौतमले दीप्तिमानका माध्यमबाट नेपाली पत्रकारिताका प्रदूषणको बिस्कुन फिँजेका छन् । दीप्तिमान एक पक्षीय पत्रकारिता गर्छ; पीत पत्रकारिता गर्छ; समाचार, वार्ता र लेख काल्पनिक र सनसनीपूर्ण बनाउँछ तर यसका विपरीत मयूर टाइम्स भने मधेस आन्दोलनको कठिन घडीमा पनि निष्पक्ष, निर्भीक र खोजी पत्रकारिता गर्छ । यद्यपि वाग्लेले मयूर डेली दैनिकको छोटो चर्चा गरेर पत्रकारिताका खराब प्रवृत्तितर्फ सङ्केत गरे पनि पर्याप्त चर्चा भने गरेका छैनन् । तर, यता गौतमले भने दीप्तिमानबाहेक अन्य अखबारको नामसमेत लिएका छैनन् ।

नेपालमा साप्ताहिक छापा पत्रकारिताका रूपमा दीप्तिमानहरू अहिले पनि जीवितै छन् । प्रशस्त दीप्तिमानका बीचमा कहीँकतै आक्कलझुक्कल मयूर टाइम्सहरू नपढिने पनि होइन । फरक यत्ति हो- हामीले दिनहुँ पढ्ने गरेका पत्रिकाहरू कुन चाहिँ दीप्तिमान र कुन चाहिँ मयूर टाइम्स हुन् छुट्ट्याउन गाह्रो छ । काठमाडौँमा लक्ष्मीको पर्चाकारिता र काठमाडौँबाहिर पराग र लिसराको कष्टकर र हिम्मतिलो पत्रकारिता; यी सबै हाम्रै चौथो अङ्गका यथार्थ र आदर्श हुन् ।

**विमल आरोही**
मार्टिन चौतारी